# "सानीभेरी गाँउपालिका अस्पताल स्थापना र संचालन कार्यविधि २०७६"

**कार्यपालिकाले पास गरेको मिति- २०७६/१०/ २५ गते ।**

**गाउँपालिका अध्यक्षले प्रमानीकरण गरेको मिति- २०७६/१०/ २६ गते ।**

**वेबसाइटमा अपलोड गरेको मिति- २०७६/१०/२८ गते ।**

**प्रस्तावना:** नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा परिभाषा गरे बमोजिम सबै नागरिकको पहुचमा सजिलै सर्वसुलभ र गुणस्तरीर स्वास्थ्य सेवा पाउने जनताको मौलिक हकलाई सुरक्षित गर्न, कुनै पनि नागरिक आकस्मिक स्वास्थ्य सेवा नपाएर ज्यान गुमाउन बाध्य नपरोस भन्ने ध्येयका साथ स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा झ ३ अनुसार मिति-२०७६/१०/ २५ गते सानीभेरी गाउँ कार्यापालिका वैठकको निर्णय वमोजिम "सानीभेरी **१५ शैया गाउँपालिका अस्पताल स्थापना र संचालन कार्यविधि २०७६"** अनुमोदन गरी लागु गर्न वान्छनिय भएकाले,

१. **सक्षिप्त नाम र प्रारम्भ-** (१) यस कार्यविधिको नाम १५ शैया गाउँपालिका अस्पताल स्थापना र संचालन कार्यविधि २०७६ रहेको छ ।(२) यो कार्यविधि सानीभेरी गाउँपालिका भित्र तुरुन्त लागु हुने छ ।

२. **परिभाषा -** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(१) ग्राम अस्पताल भन्नाले रोगवाट ग्रसित व्यक्तिको रोगको निदान उपचार र आवश्यक स्वास्थ्य सेवा प्रदान गर्ने उद्यश्यले स्थापित १५ शैयाको सानीभेरी ग्राम अस्पताल बुझिन्छ ।

(२) फोहर मैला भन्नाले अस्पताल जन्य वा अस्पतालवाट निस्कने फोहरलाई संझनु पर्दछ ।

३) संचालक समिति भन्नाले यसै कार्यविधि अनुसार अस्पत्ताल संचालन समिति संझनु पर्दछ ।

(४) भवन संहिता भन्नाले भवन ऐन २०५५ को दफा ३ को उपदफा २ बमोजिम नेपाल सरकारवाट स्वीकृत राष्ट्रिय भवन संहिता संझनु पर्दछ ।

(५) सानीभेरी गाउँपालिका भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई संझन् पर्दछ ।

(६) कार्यापालिका भन्नाले गाउँपालिका सरकारलाई संझनु पर्दछ ।

(७) अध्यक्ष भन्नाले गाउँ पालिकाको अध्यक्षलाई संझनु पर्दछ ।

(८) अधिकृत भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई संझनु पर्दछ ।

(९) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई संझनु पर्दछ ।

३. **ग्राम अस्पतालको स्थापना-** (१)यस सानीभेरी गाउँपालिका भित्रका आम जनसमुदायहरुको अस्पतालले दिने रोगको निदान उपचार सेवा र अन्य स्वास्थ्य सेवा घर आगनमा सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरी सबै नागरिकको स्वस्थ जीवनयापन बिताउन गाउँपालिका स्तरीय १५ सैयाको अस्पताल स्थापना गरिएको छ । (२) गाउँपालिका अस्पताल सानीभेरी गाउँ कार्यपालिकाले तोकिएको स्थानमा स्थापना हुनेछ ।

४. **ग्राम अस्पताल संचालन -** (१) प्रचलित कानुनको अधिनमा रहि १५ सैया अस्पताल संचालनको लागि कार्यपालिकाको निर्णय र संवन्धित निकायवाट अनुमति प्राप्त गरि अस्पताल संचालन गर्नु पर्ने छ ।

(२) अस्पतालले आफ्नो उद्देश्य र क्षमता अनुसार अनुमिति प्रदान गर्ने निकायवाट अनुमति लिई देहाय बमोजिमका स्वास्थ्य सेवाको संचालन गर्नेछ ।

I. कआकस्मिक सेवा,
II. बहिरंग सेवा,
III. अन्तरंग सेवा,
IV. सामान्य शल्यक्रिया सेवा,
V. फार्मेसी सेवा.
VI. निदानात्मक सेवा(प्रयोगशाला रेडियो इमेनिङ्ग)
VII. प्रवर्दधनात्मक तथा प्रतिकारात्मक सेवा,
VIII. रक्तसंचार सेवा,
IX. निस्काशित फोहरमैला व्यवस्थापन,
X. अस्पताल व्यवस्थापन सेवा,
XI. शवगृह व्यवस्थापन,

**५. गुणस्तर सुनिश्चित सम्वन्धी मापदण्ड-** (१) अस्पतालले दफा ४ बमोजिमको स्वास्थ्य सेवा संचालन गर्दा देहायको गुणस्तर सुनिश्चितता गर्नुको साथै उल्लेखित मापदण्डको पालना गर्नु पर्नेछ ।

I. बहिंरङ्ग सेवा लिने आउने विरामीको चापको आधारमा विरामी दर्ता बिशेषज्ञ परामर्श निदानात्मक सेवाहरु र फार्मेसी सेवा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्ने छ ।
II. अस्पतालले बिभिन्न बिभागहरुवाट दिने सेवाहरु स्तरीय रुपमा संचालन गर्न कार्य संचालन निर्देशिका तयार गरी लागु गर्नु पर्ने छ ।
III. अस्पतालले विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण नियन्त्रणको व्यवस्था हुनु पर्नेछ सो को नियमित र प्रभावकारी अनुगमन गर्नुपर्ने छ ।
IV. अस्पतालले बिशेषज्ञ चिकित्सक र अन्य चिकित्सहरुको सेवा दिने समय तालिका दिन बार स्पष्ट खुल्ने गरी सबैले देख्ने ठाउमा राखिएको हुनु पर्ने छ ।
V. अस्पतालले तोकिएको सेवा तोकिएको संबन्धित विशेषज्ञ चिकित्सक चिकित्सक वा स्वास्थ्यकर्मी कर्मचारीवाट सेवा दिने व्यवस्था मिलाउनु पर्ने छ ।
VI. अस्पतालमा आउने सेवाग्राहीलाई सहज रुपमा सेवा दिन सेवालाई व्यवस्थित गर्न एक सोधपुछ / सहायता कक्ष स्थापना गरिने छ ।
VII. अस्पतालले सेवाग्राहीले लिन चाहेको सेवा चाहेको चिकित्सकवाट सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ ।
VIII. अस्पतालको क्षेत्र वरिपरि र सबै विभागहरु नियमित रुपमा सफा सुग्घर राखेको हुनुपर्ने छ ।
IX. सबैले देख्ने ठाउमा उजुरी पेटिका बिरामी बडापत्र र सुचना अधिकारीको फोटो फोन नंम्बर सहित अस्पताल परिसरमा राख्नुपर्ने छ ।आएका उजुरी जनगुनासो सुन्ने अधिकारी तोकी सो उजुरी जनगुनासो समाधान गर्ने व्यवस्था मिलाएको हुनु पर्ने छ ।साथै समाधान हुन नसकेमा कारण सहित सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।
X. अस्पतालमा कार्यरत चिकित्सक स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरुको सेवा शर्त सम्बन्धी नियम वनाई परिचालन गर्नु पर्नेछ ।

XI. विशेषज्ञ चिकित्सक र चिकित्सकलाई निजि क्षेत्र क्लिनिक र अस्पताल प्रशासनिक काम गर्न दिईने छैन सो वापत नियमनुसार भत्ताको व्यवस्था अस्पतालले गर्नुपर्ने छ ।

XII. बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार गर्ने पद्धतिवारे जानकारी दिई सेवा दिने व्यवस्था गर्नु पर्नेछ ।

XIII. अस्पतालले चौविसै घण्टा चिकित्सक तथा स्वास्थ्यकर्मीको व्यवस्था कार्यतालिका बिभाजन गरी आकस्मिक शैया क्षमता र बिरामीको चापको आधारमा चिकित्सक स्वास्थ्यकर्मी परिचालन गर्नु पर्नेछ ।

XIV. आकस्मिक विभागवाट बिरामी भर्ना गर्न रिफर गर्ने बिरामीको रेफरल प्रक्रिया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषा भएको हुनु पर्नेछ ।

XV. अस्पतालमा उपचारका लागि आउने विपन्न असहाय बेवारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई निशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

XVI. दफा ५ को उपदफा ड र ढ बमोजिम उपलब्ध गराइएको उपचार सेवाको अभिलेख राखी गाउँ कार्यपालिकामा सो को प्रतिवेदन नियमित रुपमा बुझाउनु पर्नेछ ।

XVII. अस्पतालले विपद व्यव्थापन कार्ययोजना बनाएको हुनुपर्नेछ ।सो कार्यका लागि सम्पर्क व्यक्ति तोकी सो को जानकारी गाउँ कार्यपालिकाको कार्यालयलाई दिनु पर्नेछ ।

(२) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरलाई सुनिश्चितता प्रदान गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गुणस्तर चिन्ह लिन अस्पताललाई प्रोत्साहन गरिने छ ।

**६. गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था-**

(१) अस्पतालले आफुले प्रदान गरेको सेवाहरुको यस कार्यविधिमा उल्लेखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्वन्धमा प्रत्यक वर्ष परीक्षण स्व मुल्याङ्कन गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र गाउँ कार्यापालिकामा प्रचलित कानुनले तोके बमोजिमको ढाँचामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) दफा ६ को उपदफा १ बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगरे अस्पताललाई सो प्रतिवेदन पेश गर्न गाउँ कार्यापालिकाले निर्देशन दिन सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम निरिक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगरेमा यस निर्देशिका बमोजिमको गुणस्तर तथा पुर्वाधार मापदण्ड पुरा नगरेमा र गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगरेमा अस्पताललाई गाउँ कार्यापालिकाले अस्पतालले प्रदान गर्दै आएको सेवा पुर्ण वा आंशिक रुपमा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ ।

(४) अस्पताललाई कारबाही गर्नु पुर्व अस्पताललाई मनासिब माफिकको सफाई पेश गर्ने मौका दिईनेछ ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएता पनि अन्य प्रचलित कानुन बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले रोक्ने छैन ।

**७ अस्पतालको पूर्वाधार सम्वन्धि मापदण्डहरु-** (१) अस्पतालले सेवा संचालन गर्दा देहाय बमोजिमको पूर्वाधार सम्वन्धी मापदण्ड पुरा गरेको हुनु पर्दछ ।

I. अस्पताल रहने स्थान धुवा धुलो ध्वनी जल तथा जमिन प्रदुषण वाट मुक्त भएको हुनु पर्दछ ।

II. अस्पताल स्थापना हुने स्थानमा सडक यातायातको सहज पहुच हुनु पर्नेछ ।

III. पानी बिजुली संचार र इन्टरनेट सेवाको चौबिसै घण्टा उपलब्ध भएको ।
IV. अस्पताल रहने क्षेत्र र हाताभित्र उपयुक्त सुरक्षाको व्यवस्था भएको ।
V. सवारी साधन पार्किङ्गका लागि पर्याप्त ठाउँ भएको ।
VI. अस्पताल परिसरमा स्वस्थकर वातावरणका लागि वृक्षारोपण तथा बगैचाको ब्यवस्था भएको ।
VII. अस्पताल परिसर भित्र प्रतिक्षालयको व्यवस्था संगै स्वास्थ्य शिक्षा प्रसार गर्न टेलिभिजनको व्यवस्था भएको।
VIII. जोखिमपुर्ण फोहरमैला व्यवस्थापनको लागि उपयुक्त प्रविधि व्यवस्था गर्नुका साथै फोहरमैला व्यवस्थापन ऐन २०६८ फोहरमैला व्यवस्थापन नियमावली २०७० बमोजिम फोहर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार व्यवस्था मिलाएको हुनु पर्दछ ।

(२) आकस्मिक सेवाको लागि देहाय बमोजिमको पूर्वाधार सम्वन्धी मापदण्ड पुरा गरेको हुनु पर्ने छ ।

क- कुल शैया क्षमताको कम्तिमा पन्ध्र प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरु उपलब्ध हुनु पर्नेछ । आकस्मिक सेवाका लागि छुट्याइएको शैयालाइ देहाय अनुरुप वर्गीकरण गरि सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(१) Red(R) अति सिकिस्त विरामीको सेवा दिने शैया वरावर एक प्रतिशत ।
(२) Yellow(Y) सिकिस्त विरामीको सेवा दिने शैया वरावर दुई प्रतिशत ।
(३ ) Green(G) सामान्य विरामीको सेवा दिने शैया वरावर तीन प्रतिशत ।
(४) Black (B) मृत्यु भईसकेका बिरामीलाई राख्ने शैया वरावर एक प्रतिशत ।
(५) Observation Room/ Bed वरावर तीन प्रतिशत ।

ख- आकस्मिक कक्षा संचालन गर्दा Ultrasound, X-ray,Lab room,OPD.IPD,OT कक्ष तथा अन्य वार्डहरुमा समेत सजिलै बिरामी ल्याउन लैजान सकिने (व्हिलचेर/ट्रली / स्टेचर) गरी संचालनमा ल्याएको हुनु पर्नेछ ।

ग- आकस्मिक कक्षमा प्रतिक्षालय ट्रायज (Triage Room) चेन्जिङ्ग रुम, Medico-legal Case जस्तै Rape victim आदिको लागि गोपनियता सुनिश्चित हुने कोठाको समेत व्यवस्था भएको हुनुपर्नेछ ।

घ- चौविसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

ङ -अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौविसै घण्टा र चिकित्सक अनकलमा उपलब्ध हुनेगरि व्यवस्था मिलाएको हुनु पर्ने छ ।

च- प्रकोप जन्य रोगहरु प्रकृति प्रकोप जस्ता पक्षलाई बिचार गरि आकस्मिक उपचार सेवाका लागि अस्पतालले विपद व्यवस्थापन योजना बनाएको हुनु पर्ने छ ।

छ- आकस्मिक सेवमा काम गर्ने जनशक्तिले कम्तिमा Basic Life Support (BLS)/ Primary Trauma Care (PTC)/ Advance cardiac life Support (ACLS) Advance Trauma Life Support(ATLS) आदि सम्बन्धि तालिम लिएको हुनु पर्नेछ ।

(३) बहिरङ्ग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्वन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

क- अस्पतालबाट प्रदान हुने प्रत्यक विशषेज्ञ सेवाको लागि ओ पि डी कक्षको व्यवस्था मिलाएको हुनु पर्नेछ ।

ख- अस्पतालका लागि सामान्यतया सामान्य चिकित्सा र स्त्री तथा प्रसुति सेवा हुनु पर्नेछ ।अन्य सेवा पूर्वाधार खडा गरी अन्य विशेषज्ञ सेवा आवश्यकता अनुसार स्वेच्छिक रुपमा संचालन गर्न सकिने छ ।

ग- उपलब्ध भएका चिकित्सकहरु मध्ये सेवाग्राहीले उपलब्ध भए सम्म रोजेको चिकित्सकसंग परीक्षण गर्न पाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) अन्तरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्वन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

क नर्सिङ्ग ड्युटी स्टेशनबाट प्रत्योक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नु पर्नेछ ।उक्त सुविधा नभएमा प्रत्यक विरामीको शैयामा कल बेल राख्नु पर्नेछ ।

(५) एलाईड हेल्थ एण्ड निदानात्कम सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्वन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ

क- प्रत्यक किसिमको परीक्षणका लागि राष्ट्रिय जन स्वास्थ्य प्रयोगशाला निति अनुरुपको प्रयोगशालाको व्यवस्था भएको हुनु पर्नेछ ।

ख- एक्सरे सेवा प्रदान गर्दा विकिरणले पर्ने असर सावधानी अपनाउने विशेष समुहलाई खतराको संकेत दिई सावधान सेवा प्रदायक र सेवाग्राहीले अपनाउनु पर्नेछ ।

(६) अस्पतालमा पोषण खोप, आमा र बच्चाको स्वास्थ्य, परिवार नियोजन क्षय कुष्ठरोग जस्ता सेवाहरुको नेपाल सरकारको निति बमोजिम प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा उपलब्ध हुनु पर्ने छ ।

(७) औषधी पसल (Pharmacy) का लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पुरा गरेको हुनु पर्नेछ

क- अस्पताल हाता भित्र एक सुलभ फार्मेसी पसल अस्पत्तालले संचालन गर्नेछ ।

ख- चौवीसै घण्टा फार्मेसी संचालनका लागि फार्मेसी विषय अध्ययन गरेको दक्ष जनशक्तिको व्यवस्था हुनु पर्नेछ।

ग- फार्मेसी कक्षमा औषधीको गुणस्तर ह्रास नहुने गरि सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ । साथै ताप संवेदनशील औषधी तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा भण्डारण हुनु पर्नेछ ।

घ- उपचारमा प्रयोग गरिने लागु औषधीहरु (Narcotic drugs) लागु औषध नियन्त्रण ऐन २०३३ बमोजिम अस्पतालले चिकित्सकको लिखित प्रेस्क्रिप्सन अनुसार मात्र वितरण गर्ने व्यवस्था मिलाई साथै औषधीको आम्दानी तथा वितरणको अभिलेख राख्नुपर्नेछ ।

ङ म्याद नाघेका औषधीहरु नियमित रुपमा नेपाल स्वास्थ्य अनुषन्धान परिषदको Hospital Waste Management Guideline मा उल्लेख भएकोमा सोही बमोजिम र नभएको खण्डमा विश्व स्वास्थ्य संगठनको निर्देशिका बमोजिमको विधि अपनाई नष्ट गर्नु पर्नेछ ।

च- आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधीहरु चौवीसै घण्टा उपलब्ध हुने व्यवस्था हुनु पर्ने छ ।

छ- अस्पतालले वाह्य व्यक्ति वा संस्थालाई फार्मेसी सेवा संचालन गर्न दिएको अवस्थामा सो व्यक्ति वा संस्थाले पनि अस्पतालले पालना गर्नुपर्ने माथि उल्लेखित सम्पुर्ण शर्तहरु अनिवार्य रुपमा पालना गर्ने व्यवस्था मिलाए को हुनु पर्नेछ ।

ज- औषधीको खुद्रा मुल्यमा छुटको व्यवस्था भएमा सवैले देख्ने गरी टाँस गर्नुपर्ने छ ।

झ- भवन संहितामा उल्लेखित मापदण्ड अनुरुप औषधी पसल संचालन हुने भवन निर्माण भएको हुनुपर्नेछ ।

(८) रक्त संचार सेवा देहाय बमोजिमको पूर्वाधार सम्वन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ

क- अस्पताल हातामा ब्लड बैकको व्यवस्था भएको हुनुपर्ने । सो नभएमा बिरामीको लागि आवश्यक पर्ने ब्लड उपलब्ध हुने गरी ब्यवस्था मिलाएको हुनु पर्ने छ ।

ख- ब्लड बैकको संम्बन्धमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला निति अनुरुपको व्यवस्था भएको हुनु पर्नेछ ।

(९) अस्पताल व्यवस्थापन देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

क- सोधपुछ तथा गुनासो सुनुवाई कक्ष- (१) सेवाग्राहीहरुको सुविधाको लागि आवश्यक कर्मचारी सहितको सोधपूध कक्षको व्यवस्था हुनु पर्नेछ ।(२) अस्पतालले प्रदान गर्ने सेवाका विषयमा सेवाग्रहीको गुनासो सुनुवाई गर्न उचित प्रवन्ध मिलाएको हुनु पर्छ।

ख- सुचनाको संप्रेषण- (१) अस्पतालभित्र प्रभावकारी सुचना संप्रेषणका लागि आवश्यक आन्त्रिक टेलीफोन कलको व्वस्थाको साथै आवश्यक आधुनिक संयन्त्रको संमुचित प्रयोग हुनु पर्नेछ । (२) अस्पतलमा सार्वजनिक संचार सेवाको व्यवस्था हुनुपर्नेछ ।(३) प्रहरी, एम्बुलेन्स ,दमकल जस्ता सेवा लगाएतका आकस्मिक सेवाका टेलिफोन नंम्बरहरु स्पष्ट देखिने गरि राख्नु पर्नेछ ।

ग- पानी वितरण- (१) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबीसै घण्टा शुद्ध पानी विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको आपूर्ति हुनु पर्नेछ । (२) अस्पतालमा वितरण हुने पानीको गुणस्तर परिक्षण ६/६ महिनामा गराई सो को अभिलेख राखिएको हुनु पर्नेछ ।

घ- विद्युत आपूर्ति- (१) अस्पताल क्षेत्र भित्र र सबै बिभागहरुमा चौबीसै घण्टा विद्युत आपूर्ति हुने व्यवस्था मिलाएको हुनु पर्नेछ । साथै लोड सेडिङ्गको समयमा विद्युत आपूर्ति गर्न अटोमेटिक ब्याकप सिस्टम स्थापना गरेको हुनुपर्ने। (२) अन्य इमर्जेन्सी कक्ष र संवेदनशील कक्षहरुमा आपतकालिन विद्युत व्याक अप सिस्टम राखेको हुनुपर्नेछ ।

ङ- सरसफाई तथा शौचालय व्यवस्था- (१) अस्पतालको सम्पुर्ण क्षेत्र सधै सफा राख्नु पर्नेछ । (२) अस्पतालमा देहाय बमोजिमको सेवा दिईने कक्षहरु वा क्लिनिकमा शौचालय व्यवस्था हुनु पर्नेछ ।

I. आकस्मीक कक्ष,
II. लेवर रुम,
III. प्याथोलोजी सेवा,
IV. बहिरंग विभाग महिला र पुरुषका लागी अलग अलग,
V. डाक्टर र स्टाफका लागि आवश्यकता अनुसार,
VI. प्रति छ वेड जनरल सेवामा एक,

(३) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि प्रयाप्त पानी र सावुन सहितको शौचालयको व्यवस्था हुनु पर्नेछ । (४) शौचालय सधै सफा राखेको हुनु पर्नेछ ।

(५) मर्मत संम्भार व्यवस्था-

क- अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमानै मर्मतको व्यवस्था हुनुपर्नेछ । साथै ठूला र गंभिर प्रकृतिका औजार उकरणहरुको कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत संभार कार्ययोजना बनाई सोही अनुरुप मर्मत गरेको हुनु पर्नेछ ।

ख- असस्पतालको भवन सवारी साधन मेसिनरी औजार यन्त्र उपकरण विद्दुतीय उपकरण र अन्य विद्दुतीय उपकरणहरुको नियमित मर्मत संभार गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(६) बिरामी कुरुवा लाई सुविधा -अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार बिरामीको साथमा रहने एक जना कुरुवालाई वस्न सक्ने प्रवन्ध हुनु पर्नेछ ।

(७) क्यानटीन सुविधा- अस्पतालहाता भित्र खाना पकाउने र खाना खाने अलग अलग ठाँउ सहितको सफा र सुविधायुक्त क्यानटीनको व्यवस्था भएको हुनुपर्नेछ ।

(८) लन्ड्रीको व्यवस्था- क. अस्पतालमा प्रयोगहुने एप्रोन पन्जा टोपी जुत्ता तन्ना तकिया खोल रुमाल जस्ता लुगा कपडा धुनको लागि लण्ड्रीको व्यवस्था हुनुपर्नेछ । ख. अस्पतालमा भर्ना भएका बिरामीको लुगा धुने सुविधाको व्यवस्था भएको हुनु पर्नेछ ।

(९) भण्डार व्यवस्था- क. आपतकालिन अवस्थामा प्रयोग हुने सामाग्रीहरुको अलग्गै भण्डार कक्ष हुनु पर्नेछ। यस्तो भण्डारण कक्षमा कम्तिमा एक महिनाको लागि अत्यावश्यक सामाग्री स्टक राख्ने व्यवस्था हुनु पर्नेछ । ख. अस्पतालको लागि लत्ताकपडा सरसफाई सामाग्री औजार उपकरण तथा औषधीको न्युनतम मौज्दात रहनु पर्ने र सो सामाग्रीको उपयूक्त भण्डारणको (Refrigerator,Ventilation,A/C) आदी व्यवस्था गरेको हुनु पर्नेछ।

(१०) सुरक्षा व्यवस्था- क. अस्पतालमा सुरक्षा व्यवस्था मिलाउन सुरक्षा गार्डको व्यवस्था भएको हुनु पर्नेछ । ख. आपतकालिन अवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकाय संग संमन्वय कायम गर्ने व्यवस्था मिलाएको हुनु पर्ने ।

(११) एम्वुलेन्स संचालन -अस्पतालमा मेडिकल एटेन्डेन्ट सहितको १ वटा एम्बुलेन्स अनिवार्य हुनुपर्ने र अस्पतालले त्यस्ता मेडिकल एटेण्डेन्टलाई Basic Emergency Medicine Training दिने व्यवस्था मिलाउनुका साथै एम्वुलेन्स सेवा संचालन निति २०६० बमोजिम एम्बुलेन्स सेवा संचालन गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(१२) यातायातको व्यवस्था - अस्पतालले कम्तिमा रात्रीकालिन समयमा काम गर्ने कर्मचारीलाई आउन जान यातायातको व्यवस्था अनिवार्य मिलाउनु पर्नेछ ।

(१३) स्थान तथा जग्गा पूर्वाधार- क. अस्पताल रहने स्थान- अस्पताल रहने स्थान छनौंट गर्दा पायक पर्ने गरी प्रदूषणमुक्त क्षेत्रको छनौंट गर्नु पर्नेछ ।अस्पताल निर्माणको लागि स्वास्थ्य चौकी सिम्लीको जमिनमा अस्पताल भवन नवन्दा सिम्ली स्वास्थ्य चौकीको भवन र गाउँ पालिकाले निर्माण गरेको अस्थायी भवनमा संचालन गरिनेछ । अस्पताल संचालनको लागि अवश्यक भवन र भौतिक संरचना स्वास्थ्य चौकी सिम्लीको प्रयोग गरिनेछ । ख. अस्पताल संचालनको लागि आफ्नै स्वामित्वको प्रयाप्त जमीन हुनु पर्नेछ ।

(१४) अस्पतालको भवन- क. अस्पताल सेवा संचालन गरिने भवनको नक्सा र डिजाइन भवन आचरसंहिता मापदण्डमा भएको व्यवस्था अनुरुप स्वीकृत भएको हुनुपर्नेछ ।

ख. भवनमा सर्वसाधारणको जानकारीको लागि Disaster Management Plan तयार गरि सुरक्षा संम्बन्धी संकेत चिन्हहरु उपयुक्त स्थानमा प्रष्ट देखिने गरि राखिएको हुनु पर्नेछ।

ग. अस्पतालका कोठाहरु उपयुक्त भेन्टिलेसन वा वातानुकुलित यन्त्र राखिएको हुनु पर्नेछ ।

घ. अस्पतालमा प्रशासनीक कार्यालय ओ पी डी प्रयोगशाला वार्ड फार्मेसी क्यानटिनको व्यवस्था हुनु पर्नेछ ।

ङ. अस्पतालमा व्हिलचेयर तथा ट्रलीको सहज आवागमनको व्यवस्थाका भएको हुनुपर्नेछ ।

च. प्रतिक्षालयमा आवश्यकता अनुसार वस्ने कुर्सीको व्यवस्था हुनुपर्नेछ र सुचना पाटी टेलीभिजन पत्रपत्रिका लगायतका माध्यमवाट सुचना प्रदान गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

छ. अस्पतालको कुल क्षेत्रफल प्रति शैया ५० वर्गमिटरका दरले हुनुपर्नेछ ।उक्त क्षेत्र भित्र सोधपुछ दर्ता कक्ष प्रतिक्षालय प्रवेशद्धार सहितको हलको क्षेत्र समावेश भएको हुनु पर्ने छ ।सो बाहेक भान्सा घर लुगा धुने कोठा जेनेरेटर कक्ष कर्मचारी आवास तथा भण्डार कक्ष मर्मत संभार कक्ष आदीकका लागि थप व्यवस्था गरेको हुनु पर्नेछ ।

ज. बहिरंग विभागको प्रत्योक कोठाको क्षेत्रफल कम्तिमा १२ वर्गमीटर हुनु पर्नेछ । शौचालय प्रतिक्षालय बिशेषज्ञको सहयोगी रहने कक्षाका लागि प्रर्याप्त स्थान हुनु पर्नेछ ।

झ. बिरामीको चापको अनुपातमा र सुविधाजनक हुने गरि फर्निचर सहितको प्रतिक्षालयको व्यवस्था भएको हुनु पर्नेछ ।

ञ. आपतकालिन सेवाको लागि प्रयोग हुने सवारी साधनहरु अस्पालको आपतकालिन कक्ष र अन्य आवश्यक ठाउँमा सहज रुपमा जान सक्ने गरि अलग्गै बाटो र गेटको व्यवस्था गरेको हुनु पर्नेछ ।

ट. अस्पताल भित्र प्रवेश गर्ने र बाहिर निस्कने अलग अलग प्रवेश द्धार र बहिर्गमन द्धार हुनु पर्नेछ ।

ठ. सेवाग्राही र अस्पताल कर्मचारीहरुले प्रयोग गर्ने सवारी साधन र एम्बुलेन्स दमकल जस्ता सवारी साधनका लागि पार्किङ्गको व्यवस्था हुनु पर्नेछ न्युनतम पार्किङ्ग कुल जग्गाको २० प्रतिशत वा प्रति शैयाका लागि एयटा कार पार्किङ्ग गर्न मिल्ने स्थल मध्ये जुन बढी हुन्छ सोही अनुसार हुनु पर्नेछ ।

ड. अस्पताल जेष्ठ नागरिक बालबालिका तथा अपाङ्गमैत्री हुनु पर्नेछ ।

ढ. व्हिलचेयर ट्र्ली स्टेचरको प्रयाप्त व्यवस्था हुनुपर्नेछ र यस्ता सामाग्री राख्ने ठाउँ र चलाउन सकिने प्रर्याप्त ठाउँ र चलाउने मानिसको समेत व्यवस्था भएको हुनुपर्नेछ ।

(१५) वातावरण व्यवस्थापनका लागि देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ -

क. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन गर्दा फोहरमैला व्यवस्थापनको सम्बन्धमा आवश्यक ध्यान दिनुपर्नेछ । ख. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कनमा प्रस्ताव भए बमोजिम कार्यान्वयन गर्न व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(१६) फोहरमैला व्यवस्थापनका लागि देहाय बमोजिमको पूवाधार मापदण्ड पुरा गरेको हुनु पर्नेछ-

क. अस्पतालवाट निष्काशित फोहरमैला व्यवस्थापन फोहरमैला व्यवस्थापन ऐन २०६८ र फोहरमैला व्यवस्थापन नियमावली २०७० ले तोके बमोजिम हुनु पर्नेछ । ख. अस्पतालवाट निस्काशन हुने सामान्य तथा चिकित्साजन्य फोहरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुट्याउने संकलन ढुवानी तथा बिसर्जन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । ग. अस्पतालवाट सृजित संक्रमण जन्य फोहरलाई निसंक्रमित गरेर अन्तिम व्यवस्थापन गर्नुपर्नेछ । घ. अस्पतालमा मर्करीयुक्त उपकरणको सट्टा डिजिटल प्रविधियुक्त उपकरण प्रयोग गर्नुपर्नेछ ।

**८ जनशक्ति सम्बन्धी विस्तृत विवरण-** अस्पतालले देहायमा उल्लेखित जनशक्ति भन्दा कम नहुने गरी जनशक्तिको व्यवस्थापन गर्नु पर्नेछ -

| क्रस | सेवा/समुह | पद/नाम | संख्या | कैफियत |
|---|---|---|---|---|
| | स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज | मेसु निर्देशक | १ | |
| | स्वास्थ्य/पप्लिक हेल्थ एडमिनेष्ट्रशन | अस्पत्तल प्रशासक | १ | |

| | | | | |
|---|---|---|---|---|
| | स्वास्थ्य/अवस्ट्रेटिक तथा गाइनोकल्जो | स्त्रिरोग विशषज्ञे | १ | |
| | स्वास्थ्य/जनरल हेल्थ फिजिसियन | फिजिसियन | १ | |
| | स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज | मेडिकल अधिकृत एम बी बी एस | ३ | |
| | स्वास्थ्य/जनरल नर्सिङ | मेट्रोन | १ | |
| | स्वास्थ्य/जनरल नर्सिङ | सिस्टर बिएन | १ | |
| २ | स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | हेअ | २ | |
| ३ | स्वास्थ्य/ पब्लिक हेल्थ नर्सिङ्ग | स्टाफ नर्स | २ | |
| ४ | स्वास्थ्य/ पब्लिक हेल्थ नर्सिङ्ग | अनमि | ३ | |
| ५ | स्वास्थ्य/मेडिकल ल्याव टेक्नोलोजी | ल्याव टेक्निसियन | १ | |
| | स्वास्थ्य/मेडिकल ल्याव टेक्नोलोजी | ल्याव असिष्टेन्ट | १ | |
| ६ | स्वास्थ्य/रेडियोग्राफी | रेडियोग्राफर/ डार्क रुम असिष्टेन्ट | १ | |
| ७ | स्वास्थ्य/फार्मेसी | फार्मेसी सहायक | १ | |
| ८ | स्वास्थ्य/डेन्टिस्ट्री | दन्त सहायक | १ | |
| ९ | स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | अहेव | २ | |
| १० | स्वास्थ्य/मेडिकल रेकर्डस | मेडिकल रेकर्डर | १ | |
| ११ | लेखा/पाँचौ | लेखापाल | १ | |
| १२ | प्रशासन/पाँचौ | रिसेप्सेनिष्ट | १ | |
| १३ | प्रशासन/सहायक पाँचौ | स्टोर किपर | १ | |
| | श्रेणी विहिन | कार्यालय सहयोगी/सुरक्षा गार्ड | ४ | |
| | कुल जम्मा | | ३१ | |

**९. औजार तथा उपकरण -** (१) १५ शैया अस्पताल संचालनको लागि आवश्यक औजार तथा उपकरण प्रचलित संघीय तथा प्रदेश कानुनमा उल्लेख भए बमोजिम हुनेछ र सोही अनुसार औजार तथा उपकरणको व्यवस्था गर्नुपर्नेछ । (२) अस्पतालमा रहने न्युनतम प्रयोगशाला तथा उपकरणहरुको हकमा देहायमा बमोजिम व्यवस्था गर्नुपर्नेछ ।

क- **प्रयोगशालाका औजार तथा उपकरणहरु-**

| S.N | Name of instruments | Unit | Quantity |
|---|---|---|---|
| 1 | Microscope | psc | 1-2 |
| 2 | Colorimeter | set | 1-2 |
| 3 | Incubator set | set | 1 |
| 4 | Hot air Oven | set | 1 |
| 5 | Autoclave | set | 1 |

| | | | |
|---|---|---|---|
| 6 | Chemical balance | set | 1 |
| 7 | Semi Auto Analyzer (Bio Chemistry) | set | 1 |
| 8 | Electrolyte Analyzer | set | 1 |
| 9 | Refrigerator | set | 1-2 |
| 10 | Blood cell counter | pcs | 1 |
| 11 | Incinerator | set | 1 |
| 12 | Centrifuge | pcs | 2 |
| 13 | DLC counter | pcs | 1-2 |
| 14 | Generator | set | 1 |
| 15 | Counting chamber | pcs | 1-2 |

**ख- Imaging Equipments**

| S.N | Name of Instruments | Quantity |
|---|---|---|
| 1 | Ultra Sound Machine with color droppler and guided biopsy | 1 |
| 2 | 300 ma X-ray Machine Digital | 1 |
| 3 | ECG machine | 1 |
| 4 | 100 ma X-ray Machine | 1 |
| 5 | Dry view Processor(CR system) | 1 |

**१०- अस्पताल विकास कोष-** (१) अस्पतालमा एक अस्पताल विकास कोष रहनेछ । (२) कोषको संचालन अस्पताल प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखत वाट हुनेछ । (३) कोषमा अस्पताल संचालनको लागि संघीय सरकार प्रदेश सरकार गाउँपालिका एंवम अन्य जुनसुकै स्रोतवाट कानुन बमोजिम प्रप्त रकमहरु जम्मा हुनेछ । (४) दफा १० को उपदफा ३ मा जुनसुकै कुरा उल्लेख भएतापनि अस्पताल संचालनको क्रममा विभिन्न सेवा शुल्क र दस्तुर वापत अस्पतालवाट प्राप्त आम्दानी गाउँपालिकाको संचित कोषमा मासिक रुपमा जम्मा गर्नु पर्नेछ । (५ ) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयवाट हुनेछ ।

**११. अस्पताल संचालक समितिको गठन र काम कर्तव्य र अधिकार-** (१) अस्पताल संचालनको लागि देहाय बमोजिमको अस्पताल संचालक समिति गठन गर्नुपर्नेछ ।

I. गाउँपालिका अध्यक्ष- अध्यक्ष ।
II. मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तिमा स्नातक तह उत्तिर्ण भई सरकारी सेवा निवृत भएको वा समाजसेवाको क्षेत्रमा लामो समय सम्म काम गरि ख्याति प्राप्त उच्च नैतिक चरित्र भएको बुद्धिजीविहरु मध्येवाट गाउँपालिका अध्यक्षले तोकेको एक जना गाउँपालिका भित्रको व्यक्ति उपाध्यक्ष ।
III. गाउँ कार्यापालिका सदस्य मध्ये एक जना महिला -सदस्य ।
IV. अस्पताल रहेको वडाका वडा अध्यक्ष - सदस्य ।
V. स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख - सदस्य ।
VI. समाजसेवी बुद्धिजीविहरुमध्येवाट अध्यक्षले तोकेको एक जना - सदस्य ।
VII. अस्पताल प्रशासक -सदस्य सचिव ।

(२) अस्पताल संचालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क सुव्यवस्थित ढंगले अस्पताल संचालनको लागि आवश्यक नितिगत कानुनि एंवम संस्थागत व्यवस्थाको लागि उपयुक्त निर्णय गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने ।

ख मापदण्ड अनुसार भौतिक संरचना निर्माण जनशक्ति व्यवस्थापन औजार तथा उपकरणको व्यवस्था लगायतका कार्यहरु गर्न आवश्यक समन्वय सहजीकरण र सहकार्य गर्ने ।

ग अस्पताल संचालनको लागि गाउँपालिकाले दिएका निर्देशनहरु र स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन गर्ने तथा गराउने ।

घ अस्पालको भौतिक आर्थिक सामाजीक एंवम संस्थागत वातावरणलाई स्वच्छ एवंम स्वस्थ तुल्याउने ।

ङ अस्पतालको सेवा प्रवाहमा आएका गुनासाहरुको उचित संबोधन र व्यवस्थापन गर्ने ।

च गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाका लागि आवश्यक अन्य कार्य गर्ने ।

(३) माथि जुन सुकैकुरा लेखिएता पनि संचालक समितिले गरेका नितिगत कानुनी एवंम संस्थागत महत्वपूर्ण निर्णय कर्मचारी भर्ना नियुक्ति अवकास संग सम्वन्धीत विषय गाउँपालिकाको संचित कोषवाट व्ययभार हुने गरी भएका निर्णयहरु गाउँकार्यापालिकाबाट अनुमोदन भएपछी मात्र लागु हुनेछन ।

(४) संचालक समितिको पदावधि ३ वर्षको हुनेछ ।

**१२. सेवा शुल्क निर्धारण संम्बन्धी व्यवस्था-** (१) सर्वसाधारणलाई उचित मुल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने प्रयोजनको लागि अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरको आधारमा अस्पत्तालले लिने शेवा शुल्क प्रचलित कानून (गाउँ सभा) ले तोके बमोजिम हुनेछ ।

**१३. पूर्ण सरकारी हुने -** (१) सानीभेरी ग्राम अस्पताल पूर्ण सरकारी अस्पत्ताल हुनेछ । (१) अस्पत्ताल संचालन र व्यवस्थापनको लागि आवश्यक जनशक्ति भौतिक संरचना आर्थिक स्रोत लगाएतको व्यवस्थापन गर्न गाउँपालिकाले संघीय तथा प्रदेश सरकारसंग समेत आवश्यक संमन्वय सहकार्य र परामर्श गर्नेछ ।

**१४. कार्यविधि हेरफेर तथा संशोधन-** गाउँकार्यापालिकाले उल्लेखित कार्यविधिमा आवश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सकिनेछ ।

**१५. व्याख्या गर्ने अधिकार-** यस कार्यविधिमा उल्लेखित मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आई परेमा गाउँकार्यापालिकाले सो मापदण्डको व्याख्या गर्नेछ ।

**१६. स्वत अमान्य हुने-** यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित नेपाल कानुनको कुनै व्यवस्था संग बाझिएमा बाझिएको हदसम्म स्वत अमान्य हुनेछ ।